# त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः १०    संख्याः ३    प्रकाशन मितिः २०८३/०३/२५


## भाग १

### त्रिवेणी गाउँपालिकाद्वारा प्रकाशित

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिम त्रिवेणी गाउँपालिकाको गाउँ सभाले बनाएको तपसिलमा लेखिए बमोजिमको ऐन सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

# आर्थिक ऐन, २०८३

त्रिवेणी गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

गाउँ सभाबाट स्वीकृत मिति : २०८३/०३/१०
प्रमाणीकरण मिति : २०८३/०३/२४

**प्रस्तावना :**

त्रिवेणी गाउँपालिकाको आर्थिक वर्ष २०८३/०८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निम्ति स्थानीय कर तथा शुल्क निर्धारण गर्ने, सङ्कलन गर्ने, छुट दिने तथा आय सङ्कलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम त्रिवेणी गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

(१) यस ऐनको नाम **"त्रिवेणी गाउँपालिकाको आर्थिक ऐन, २०८३"** रहेको छ ।

(२) यो ऐन २०८३ साल साउन महिनाको १ गतेदेखि त्रिवेणी गाउँपालिकाको क्षेत्रभित्र लागू हुनेछ ।

२. **सम्पत्ति कर** : त्रिवेणी गाउँपालिकाको क्षेत्रभित्र निर्माण भएका भवन तथा घरमा **अनुसूची (१)** बमोजिम सम्पत्ति कर लगाई असुल गरिनेछ ।

३. **भूमि कर (मालपोत) :** त्रिवेणी गाउँपालिका क्षेत्रभित्र **अनुसूची (२)** बमोजिम भूमि कर लगाइने र असूल उपर गरिनेछ ।

४. **घर जग्गा बहाल कर :** त्रिवेणी गाउँपालिकाको क्षेत्रभित्र कुनै पनि व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले बहालमा दिएमा घर जग्गा बहाल रकमको १० प्रतिशतका दरले घर जग्गा बहाल कर लगाइने र असुल गरिनेछ ।

५. **व्यवसाय कर :** त्रिवेणी गाउँपालिका क्षेत्रभित्र सञ्चालित व्यापार, व्यवसाय, सेवा र यस्तै प्रकारका जुनसुकै कारोबार गर्ने व्यक्ति, सङ्घसंस्था, कम्पनी वा निकायलाई व्यवसायको प्रकृति, पूँजीगत लगानी र आर्थिक कारोबारका आधारमा **अनुसूची (३)** बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु कर :** त्रिवेणी गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले तरकारी, ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोबार तथा निकासी पैठारी गरेवापत **अनुसूची** (४) बमोजिम कर लगाइने र असुल उपर गरिनेछ ।

७. **सवारी साधन कर :** त्रिवेणी गाउँपालिका क्षेत्रभित्र दर्ता भएका अटोरिक्सा, विद्युतीय रिक्सा, लगायतका सवारी साधनमा वार्षिक प्रति साधन रु. १,००० का दरले कर लगाइने र असुल उपर गरिनेछ ।

८. **विज्ञापन कर :** त्रिवेणी गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा **अनुसूची (५)** बमोजिम विज्ञापन कर लगाइने र असुल उपर गरिनेछ । यसरी कर सङ्कलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत सङ्कलन गरी प्रदेश विभाज्य कोषमा बाँडफाँट गर्नु पर्नेछ ।

९. **मनोरञ्जन कर** : त्रिवेणी गउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा **अनुसूची** (६) बमोजिम मनोरञ्जन कर लगाइने र असुल उपर गरिनेछ। यसरी कर सङ्कलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत सङ्कलन गरी प्रदेश विभाज्य कोषमा बाँडफाँट गर्नु पर्नेछ।

१०. **बहाल बिटौरी शुल्क** : त्रिवेणी गाउँपालिकाको क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेको जग्गा, भौतिक सम्पति तथा कुनै व्यक्ति वा संघ संस्थाले रेखदेख, उपभोग गरेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटो छेउको जग्गा र सम्पतिमा **अनुसूची** (७) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असुल उपर गरिनेछ।

११. **पार्किङ शुल्क** : त्रिवेणी गाउँपालिकाको क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत **अनुसूची** (८) बमोजिम पार्किङ शुल्क लगाइने र असुल उपर गरिनेछ।

१२. **ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिप फ्लायर र ऱ्याफ्टिङ्ग शुल्क** : त्रिवेणी गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कोयोकिड, बन्जी जम्पिङ्ग, जिप फ्लायर र ऱ्याफ्टिङ्ग सेवा वा व्यवसाय सञ्चालन गरेवापत गाउँपालिकाको निर्णयानुसार शुल्क लगाई असुल गरिनेछ।

१३. **सेवा शुल्क र दस्तुर** : त्रिवेणी गाउँपालिकाले नेपालको संविधानको अनुसूची-८ र अनुसूची-९ बमोजिमका क्षेत्र तथा विषयमा आफुले पुऱ्याएको सेवावापत सेवाग्राहीबाट **अनुसूची** (९) मा व्यवस्था भए अनुसार शुल्क लगाई उठाउनेछ।

१४. **पर्यटन प्रवेश शुल्क** : त्रिवेणी गाउँपालिकाको क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्रहालय जस्ता सम्पदा अवलोकन तथा उपयोग गरेवापत टिकट मुल्यको ५ प्रतिशतको दरले पर्यटन शुल्क लगाई असुल गरिनेछ।

१५. **प्राकृतिक स्रोत साधन बिक्रि शुल्क** : त्रिवेणी गाउँपालिकाले प्राकृतिक स्रोतमध्ये आफ्नो क्षेत्रभित्र वातावरणीय प्रभाव परीक्षणबाट तोकिएको परिमाणमा स्लेट, ढुङ्गा, गिट्टि, बालुवा एवं माटोजन्य वस्तु एवं सार्वजनिक तथा ऐलानी जग्गामा रहेका काठ, दाउरा, जराजुरी, दहत्तर, बहत्तर आदिमा **अनुसूची** (१०) मा व्यवस्था भए अनुसार बिक्रि गरिनेछ।

१६. **कर छुट** : यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई तोकिएकोमा बाहेक कुनै पनि किसिमको कर छुट दिइने छैन।

१७. **दण्ड जरिमाना** : असुल गर्नुपर्ने राजश्व असुल नगरी न्यून रकममात्र असुल गरेको पाइएमा असुल हुन बाँकी रकमको दोब्बर रकम उक्त कार्य गर्ने कर्मचारी वा आदेश दिने पदाधिकारीलाई जरिमाना गरिनेछ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

**१८. कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि :** यो ऐनमा भएका व्यवस्था अनुसार कर तथा शुल्क सङ्कलन सम्बन्धी कार्यविधि त्रिवेणी गाउँपालिकाले तोके अनुसार हुनेछ ।

**१९. प्रचलित कानून बमोजिम हुने :** यस ऐनमा उल्लेख गरिएका विषयमा यसै बमोजिम र उल्लेख नगरिएका विषयमा प्रचलित कानूनमा व्यवस्था भए बमोजिम हुनेछ ।

**२०. बाधा अड्काउ फुकाउ** : यस ऐनको कार्यान्वयनको क्रममा कुनै बाधा आइपरेमा त्रिवेणी गाउँपालिकाको कार्यपालिकालाई बाधा अड्काउ फुकाउने अधिकार रहनेछ ।

## अनुसूची १

आर्थिक ऐन, २०८३ को दफा (२) सँग सम्बन्धित
नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

### सम्पत्ति करका क्षेत्र तथा वार्षिक दरहरु

| क्र.स. | भौगोलिक क्षेत्र | घरजग्गाको विवरण | वार्षिक करको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | बजार क्षेत्र तथा अन्य क्षेत्रमा रहेको प्रतिपक्की घर | तीन तला भएको | ५०० | |
| | | दुई तला भएको | ४०० | |
| | | एक तला भएको | ३०० | |
| २ | बजार क्षेत्रमा रहेको प्रतिकच्ची घर | ढुङ्गा/जस्ताले छाएको दुई तला भएको | १०० | |
| | | ढुङ्गा/जस्ताले छाएको एक तला भएको | ८० | |
| | | फुसले छाएको दुई तला भएको | ६० | |
| | | फुसले छाएको एक तला भएको | ४० | |
| ३ | बजार क्षेत्र बाहेकका अन्य भौगोलिक क्षेत्रमा रहेको प्रति कच्ची घर | ढुङ्गा/जस्ताले छाएको दुई तला भएको | ८० | |
| | | ढुङ्गा/जस्ताले छाएको एक तला भएको | ६० | |
| | | फुसले छाएको दुई तला भएको | ४० | |
| | | फुसले छाएको एक तला भएको | २० | |

माथि उल्लेखित घरजग्गा करमा प्रतिवर्ष २५% विलम्ब शुल्क लाग्नेछ।

## अनुसूची २

आर्थिक ऐन, २०८३ को दफा (३) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

## भूमि कर (मालपोत) को क्षेत्र तथा वार्षिक दरहरु

(अ) जग्गा

| सि. नं. | भूमिको प्रकार | भौगोलिक क्षेत्र/स्थान (प्रति रोपनी) | वार्षिक करको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | अब्बल श्रेणी | सहिद मार्ग सडक, निगालपानी जुगार तिला सडक र जुगार त्रिवेणी पहुँच मार्गको दायाँबायाँको बजार क्षेत्र | २५ | |
| | | जिउला, दहखोला, गोइतिबाङ, जरीबाङ, धैरेनी, कुनेरह, जावल, जौलेलाकुरी, पाछ्राबाङ, धारमखोला, चबी, मजुवा, छाप, लिङदुङ, रातामाटा, कोइला, गोलकोटी, ह्वाप, सिम्पानी, चक्रि, छेप, मथुरापानी, निगालपानी, दहवन, द्धारपानी, हुलाकीडाँडा, राईबाङ, नुवागाउँ, सारङ्गे, कोल्बाङ, शेराबाङ, हलंगा, त्रिवेणी, तिला बजार क्षेत्र, दुम्ला, दर्बै, खर्क, किमुचौर, पोखरडाँडा, छापनेटा, वर्तिबाङ, गाङ, रिची, नन्दीखोला, सिउडीचौर, करेटी वडा कार्यालय रहेको स्थान, मोराबाङ, जेल्बाङ | २० | |
| | दोयम श्रेणी | अब्बल श्रेणीमा उल्लेख नगरिएका अन्य उत्पादनमूलक भौगोलिक क्षेत्रका जग्गा | १५ | |
| | सिम श्रेणी | फलफूल उत्पादन हुने जग्गा | १० | |
| | चाहार श्रेणी | सम्पूर्ण काल्नो, पाखो, खरबारी | १० | |
| | अब्बल तथा दोयम श्रेणीमा पर्ने जग्गा बाँझो छोडेमा थप जरिमाना | | १० | |

(आ) घडेरी

| सि. नं. | घडेरीको प्रकार | क्षेत्रफल (वर्ग मिटर) | वार्षिक करको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | बजार क्षेत्रको प्रतिघडेरी | १३० वर्ग मिटरभन्दा कम क्षेत्रफल | ७५ | बजार क्षेत्रमा एक रोपनीभन्दा कम क्षेत्रफल भएको वा बाँझो रहेको तथा कच्चि वा पक्कि मोटरबाटोले छोएको जग्गालाई घडेरी मानिने साथै एक रोपनीभन्दा बढी हुन आउने क्षेत्रफलमा खण्ड (अ) बमोजिम कर लाग्ने |
| | | १३१-१५० वर्ग मिटर क्षेत्रफल | १०० | |
| | | १५१-२०० वर्ग मिटर क्षेत्रफल | १२५ | |
| | | २०१ वर्ग मिटरभन्दा प्रति ५० वर्ग मिटर बढी क्षेत्रफल | रु. २५ को दरले थपिने | |
| २ | अब्बल तथा दोयम श्रेणीको भौगोलिक सिमाभित्रको बजार क्षेत्रमा रहेका प्रतिघडेरी | १३० वर्ग मिटरभन्दा कम क्षेत्रफल | ५० | |
| | | १३१-१५० वर्ग मिटर क्षेत्रफल | ७५ | |
| | | १५१-२०० वर्ग मिटर क्षेत्रफल | १०० | |
| | | २०१ वर्ग मिटरभन्दा प्रति ५० वर्ग मिटर बढी क्षेत्रफल | रु. ५० को दरले थपिने | |

(नोट : माथि उल्लेखित भूमि कर (मालपोत) मा वार्षिक २५% विलम्ब शुल्क लाग्नेछ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## अनुसूची ३

आर्थिक ऐन, २०८३ को दफा (५) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

### व्यवसाय करका क्षेत्र तथा वार्षिक दरहरु

| क्र.स. | व्यवसायका प्रकारहरु | | वार्षिक दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | मदिरा पसल | | १,५०० | |
| २ | किराना पसल | | १,००० | |
| ३ | खाद्यान्न तथा किराना पसल | | १,५०० | |
| ४ | गरगहना/सुनचाँदी पसल | | २,००० | |
| ५ | हार्डवेयर पसल | | २,००० | |
| ६ | इलेक्ट्रिकल खुद्रा पसल | | १,००० | |
| ७ | पेट्रोलियम पदार्थ | | २,००० | |
| ८ | तरकारी पसल | | ५०० | |
| ९ | कपडा पसल | | १,५०० | |
| १० | फेन्सी पसल | | १,५०० | |
| ११ | मोटरसाइकल मर्मत सेन्टर | | २,००० | |
| १२ | प्लाईउड, सिसा, कार्पेट, फ्रेम पसल | | १,००० | |
| १३ | श: मिलसहितको फर्निचर निर्माण सेन्टर | | २,००० | |
| १४ | होटल तथा रेष्टुरेन्ट | | | |
| | १४.क | होटल तथा गेष्ट हाउस (VAT आवद्ध) | ५,००० | |
| | १४.ख | होटल तथा रेष्टुरेन्ट | २,५०० | |
| | १४.ग | साना होटल (चिया तथा नास्ता) | १,००० | |
| | १४.घ | बजारोन्मुख क्षेत्र/ग्रामीण क्षेत्रको होटल | ८०० | |
| | १४.ङ | होम स्टे | १,००० | |
| १५ | मिठाई तथा नास्ता पसल, चाट तथा चटपटे | | ८०० | |
| १६ | छापाखाना | | २,००० | |
| १७ | कलर ल्याब, स्क्रिन प्रिन्ट तथा फ्लेक्स प्रिन्ट | | १,५०० | |
| १८ | कुरियर तथा फोन, फ्याक्स | | १,००० | |
| १९ | वाणिज्य बैंक | | १०,००० | |
| २० | विकास बैंक | | ९,००० | |
| २१ | फाइनान्स, वित्तीय संस्था | | ८,००० | |
| २२ | सहकारी संस्था | | २,५०० | |
| २३ | बिमा कम्पनी | | २,५०० | |
| २४ | मनी ट्रान्सफर | | ४,००० | |

| | | | | |
|---|---|---|---|---|
| २५ | नीजि अस्पताल/मेडिकल स्टोर | | ३,०००/२,५०० | |
| २६ | जुत्ता, चप्पल, मर्मत पसल | | ५०० | |
| २७ | सिलाई पसल/टेलरिङ सेन्टर | | | |
| | २७.क | टेलर्स पसल चारभन्दा बढी मेशिन भएको | १,००० | |
| | २७.ख | टेलर्स पसल चारभन्दा कम मेशिन भएको | ५०० | |
| २८ | ब्युटी पार्लर | | १,००० | |
| २९ | हेयर कटिङ सैलुन | | १,००० | |
| ३० | साईन बोर्ड लेखन तथा प्रिन्टिङ सेन्टर | | ५०० | |
| ३१ | फोटोकपी तथा फोटो स्टुडियो | | १,००० | |
| ३२ | काठ तथा फर्निचर बिक्रेता | | १,००० | |
| ३३ | स्टील तथा ग्रील उद्योग | | २,५०० | |
| ३४ | स्टेसनरी पसल | | १,००० | |
| ३५ | पुस्तक तथा स्टेसनरी पसल | | २,००० | |
| ३६ | एग्रोभेट सेन्टर | | १,५०० | |
| ३७ | भाँडा पसल | | १,५०० | |
| ३८ | मोटर पार्टस बिक्रि पसल | | २,००० | |
| ३९ | कवाडी सङ्कलन पसल | | १,००० | |
| ४० | मासु पसल/फ्रेस हाउस | | ८०० | |
| ४१ | चस्मा पसल | | ५०० | |
| ४२ | मोबाइल पसल | | १,५०० | |
| ४३ | गिफ्ट/फोटो प्रिन्ट पसल | | ८०० | |
| ४४ | ग्याँस सिलिण्डर बिक्रि केन्द्र | | १,५०० | |
| ४५ | तरकारी तथा फलफूल पसल | | ५०० | |
| ४६ | सोलार सम्बन्धी पसल | | १,००० | |
| ४७ | इन्जिनियरिङ कन्सल्टेन्सी सेवा सूची दर्ता | | ५,००० | |
| ४८ | विविध श्रृंगार पसल (कस्मेटिक) | | ५०० | |
| ४९ | रंगरोगन पसल | | १,००० | |
| ५० | ड्राइभिङ इन्स्टिच्युट | | १,५०० | |
| ५१ | टि.भी. तथा कम्प्यूटर पसल | | १,००० | |
| ५२ | डिलर फर्म | | | |
| | ५२.क | किराना, साबुन, बिस्कुट आदि | २,००० | |
| | ५२.ख | मदिरा | ५,००० | |
| | ५२.ग | सुर्तिजन्य | १,५०० | |
| | ५२.घ | चाउचाउ | १,५०० | |
| | ५२.ङ | इलेक्ट्रिक, इलेक्ट्रोनिक्स | १,५०० | |
| | ५२.च | औषधी पसल (कविराज) | २,००० | |
| | ५२.छ | रिचार्ज कार्ड | ५०० | |
| | ५२.ज | अन्यको प्रकृति हेरी | २००-५,००० | |
| ५३ | क्यारम/पुल हाउस | | २,५०० | |
| ५४ | पशु बधशाला | | १,००० | |
| ५५ | केवल नेटवर्क | | ४,००० | |
| ५६ | इन्टरनेट सेवा प्रदायक | | १५,००० | |

| | | | | | |
|---|---|---|---|---|---|
| ५७ | विशेष परामर्श तथा अन्य व्यावसायिक सेवा | | | | |
| | ५७.क | अनुसन्धानकर्ता तथा परामर्श सेवा | | १,५०० | |
| | ५७.ख | चिकित्सक, कविराज, इन्जिनियर, लेखापरीक्षक, कानून व्यवसायी, अनुवादक, पशु चिकित्सक, बिमा एजेण्ट, ज्योतिष परामर्श | | २,००० | |
| ५८ | कोशेली घर | | | १,२०० | |
| ५९ | ललितकला/चित्रकला | | | ५०० | |
| ६० | छपाइ तथा प्रकाशन, प्रशारण गृह | | | १,५०० | |
| ६१ | एफ.एम. रेडियो सञ्चालन कर | | | ५,००० | |
| ६२ | मोटर पार्टस बिक्री तथा मोटर मर्मत दुवै सेवा भएको पसल | | | २,००० | |
| ६३ | गाउँपालिकामा प्रधान कार्यालय भएका निर्माण व्यवसाय | | | | |
| | ६३.क | घ वर्ग | दर्ता | २५,००० | |
| | | | नविकरण | ६,००० | |
| ६४ | कम्प्युटर इन्स्टिच्यूट | | | ३,००० | |
| ६५ | चाउमिन उद्योग | | | १,००० | |
| ६६ | पाउरोटी उद्योग | | | १,००० | |
| ६७ | चाउमिन तथा पाउरोटी दुवै वस्तु उत्पदन हुने उद्योग | | | १,५०० | |
| ६८ | व्यवसाय दर्ता (प्रति लाख कुल पूँजीमा) | | | १०० | |
| ६९ | व्यवसाय नविकरण (हरेक आर्थिक वर्षको असोज मसान्तसम्म) | | | जरिमाना नलाग्ने | |
| ७० | मिल | | | | |
| | ७०.क | पिसानी | | ८०० | |
| | ७०.ख | पिसानी तथा कुटानी | | १,००० | |
| | ७०.ग | पिसानी, कुटानी तथा पेलानी | | १,५०० | |
| ७१ | पानीपुरी तथा चटपटे पसल | | | ५०० | |
| ७२ | कपडा तथा फेन्सी सामान दुवै भएको पसल | | | २,००० | |
| ७३ | खाद्यान्न, मदिरा र मासु पसल | | | २,००० | |
| ७४ | कपडा, किराना र फेन्सी पसल | | | २,००० | |
| ७५ | मोबाइल, फेन्सी तथा कस्मेटिक पसल | | | २,००० | |
| ७६ | तीनभन्दा बढी प्रकारका कारोबार भएमा प्रति व्यवसाय थप | | | ५०० | |
| ७७ | गाउँपालिकाको ब्याक हो लोडर भाडा प्रति घण्टा (इन्धन सहित) | | | ३,००० | |
| ७८ | गाउँपालिकाको ब्याक हो लोडर भाडा प्रति घण्टा (इन्धन रहित) | | | १,४०० | |
| ७९ | वडास्तरीय सभाहल भाडा प्रतिदिन (वडाको कार्यक्रम बाहेक) | | | १,००० | |
| ८० | पालिकास्तरीय सभाहल भाडा प्रतिदिन (पालिकाको कार्यक्रम बाहेक) | | | २,५०० | |
| ८१ | डेरी पसल | | | १,५०० | |
| ८२ | श्रम स्वीकृति सिफारिस | | | २०० | |
| ८३ | स्केट पार्क | | | ३,००० | |
| ८४ | मनोरञ्जन/फोटो पार्क | | | १,५०० | |
| ८५ | संस्था/गुठी अभिलेखिकरण | | | ५,००० | |
| ८६ | अनुमति विना नदिजन्य पदार्थ ढुङ्गा, गिट्टी, बालुवा र माटो उत्खनन् वापत जरिवाना | | | | |
| | ८७.क | प्रति ट्याक्टर पहिलो पटक | | १०,००० | |
| | ८७.ख | प्रति ट्याक्टर दोस्रो पटक | | २०,००० | |

| | | | | |
|---|---|---|---|---|
| | ८७.ग | प्रति ट्याक्टर तेस्रो पटक | ३०,००० | |
| | ८७.घ | प्रति टिप्पर पहिलो पटक | ३०,००० | |
| | ८७.ङ | प्रति टिप्पर दोस्रो पटक | ६०,००० | |
| | ८७.च | प्रति टिप्पर तेस्रो पटक | ९०,००० | |
| | ८७.छ | ब्याकहो लोडर पहिलो पटक | २५,००० | |
| | ८७.ज | ब्याकहो लोडर दोस्रो पटक | ५०,००० | |
| | ८७.झ | ब्याकहो लोडर तेस्रो पटक | ७५,००० | |
| | ८७.ञ | स्काभेटर पहिलो पटक | ४०,००० | |
| | ८७.ट | स्काभेटर दोस्रो पटक | ८०,००० | |
| | ८७.ठ | स्काभेटर पहिलो पटक | १,२०,००० | |
| ८७ | माथि वर्गीकरणमा समावेश नभएका व्यवसायको कारोबारको स्तर हेरी | | ५००-१०,००० | |

माथि उल्लेखित व्यवसाय करमा प्रतिवर्ष २५% विलम्ब शुल्क लाग्नेछ।

## अनुसूची ४

आर्थिक ऐन, २०८३ को दफा (६) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

## जडिबुटी, कवाडी र जीवजन्तु करका क्षेत्र तथा दर

| क्र.सं. | विवरण | एकाई | दर | कैफियत |
|---|---|---|---|---|
| १ | सबै प्रकार फलफूल तथा तरकारी | के.जी. | १ रुपैयाँ | |
| २ | ऊन (प्राकृतिक तथा कृतिम) | के.जी. | १ रुपैयाँ | |
| ३ | खोटो | के.जी. | २ रुपैयाँ | |
| ४ | काठ गोलिया चिरान | | | |
| | क. शः मिल सानो १० पी.एच. भन्दा बढी | एकमुष्ठ | रु. ५,००० | |
| ५ | खाली सिसि/बियर बोतल | गोटा | २५ पैसा | |
| ६ | प्लाष्टिक बोतल भाँडाकुडा, जर्किन, चप्पल | के.जी. | २५ पैसा | |
| ७ | धातुका टुक्रा तथा सामान फलाम | के.जी. | २ रुपैयाँ | |
| ८ | मरेका वा मारिएका पशुको हाड, सिङ, खुर, छाला | के.जी. | २ रुपैयाँ | |
| ९ | टिम्मुर | के.जी. | २ रुपैयाँ | |
| १० | काउलो | के.जी. | १ रुपैयाँ | |
| ११ | बोजो | के.जी. | १ रुपैयाँ | |
| १२ | समयो | के.जी. | १ रुपैयाँ | |
| १३ | फलामे | के.जी. | २ रुपैयाँ | |
| १४ | दालचिनी | के.जी. | १ रुपैयाँ | |
| १५ | ढुङ्गे फूल | के.जी. | १ रुपैयाँ | |
| १६ | रिठ्ठो | के.जी. | १ रुपैयाँ | |
| १७ | भटमास | के.जी. | १ रुपैयाँ | |
| १८ | सिमी | के.जी. | १ रुपैयाँ | |
| १९ | लसुन | के.जी. | १ रुपैयाँ | |
| २० | भाङ्गो | के.जी. | १ रुपैयाँ | |
| २१ | आलु | के.जी. | १ रुपैयाँ | |
| २२ | अलैंची | के.जी. | २ रुपैयाँ | |
| २३ | कालो बेसार र कालो अदुवा | के.जी. | २ रुपैयाँ | |
| २४ | पहेंलो बेसार र अदुवा | के.जी. | १ रुपैयाँ | |
| २५ | औषधीजन्य काठ/बोक्रा/जरा | के.जी. | २ रुपैयाँ | |

## अनुसूची ५

आर्थिक ऐन, २०८३ को दफा (८) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

### विज्ञापन करका क्षेत्र तथा दर

| क.सं. | विवरण | एकाई | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | व्यापारिक विज्ञापनको भित्ते लेखन | वर्ग फिट | ५ | |
| २ | सरकारी, सार्वजनिक स्थल तथा नीजि भवनमा राखिने होडिङ बोर्ड | वर्ग फिट | ५ | |
| ३ | टेलिफोन टावरहरु ५० फिटसम्म | | | |
| | ३.क व्यक्तिगत जग्गामा भएमा | प्रति गोटा | ५,००० | |
| | ३.ख सार्वजनिक जग्गामा भएमा | प्रति गोटा | १०,००० | |
| ४ | ब्यानर तथा फ्लेक्स प्रिन्ट ५० वर्ग फिटसम्म व्यापारिक विज्ञापन | वर्ग फिट | २० | |
| ५ | स्टेज प्रोग्रामबाट गरिने विज्ञापन | दिन | ५,००० | |
| ६ | एफ्.एम्. बाट प्रशारित सूचना विज्ञापन कर | | | |
| | ६.क ६ A.M. - ९ A.M. र ६ P.M. - ९ P.M. | प्रतिमिनेट | २०० | |
| | ६.ख अन्य समयमा | प्रतिमिनेट | १०० | |
| ७ | एफ.एम. रेडियो स्टेशनमा | वार्षिक | ५,००० | |

## अनुसूची ६

आर्थिक ऐन, २०८३ को दफा (९) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

### मनोरञ्जन करका क्षेत्र तथा दर

महोत्सव, सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था भएकोमा टिकट मूल्यको ५ प्रतिशत र टिकटको व्यवस्था नभएकोमा लुम्बिनी प्रदेश सरकारको आर्थिक ऐन बमोजिम मनोरञ्जन कर लाग्नेछ ।

**स्थानीय मेला तथा महोत्सवको अनुमति शुल्कः**

| क्र.सं. | विवरण | रकम रु. | कैफियत |
|---|---|---|---|
| १. | १ दिनको | ५,००० | |
| २. | ३ दिनसम्मको | १०,००० | |
| ३. | ५ दिनसम्मको | २०,००० | |
| ४. | ७ दिनसम्मको | ३०,००० | |
| ५. | १० दिनसम्मको | ४०,००० | |
| ६. | १५ दिनसम्मको | ५०,००० | |
| ७. | १५ दिनभन्दा माथि प्रतिदिन | १०,००० | |

**नोटः** ५ (पाँच) दिनभन्दा माथिको सर्कस, खेल, मेला, जादु, चटके र विभिन्न प्रदर्शनीमा टिकटको व्यवस्था अनिवार्य गर्नु पर्नेछ । साथै महोत्सव तथा स्थानीय मेला सञ्चालन गर्दा अनिवार्य रुपमा गाउँपालिकाबाट अनुमति लिनु पर्नेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## अनुसूची ७

आर्थिक ऐन, २०८३ को दफा (१०) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

### बहाल बिटौरी शुल्कको क्षेत्र तथा दर

क) बहाल बिटौरी शुल्क

| सि. नं. | संरचनाको प्रकार | संरचनाको प्रकृति | वार्षिक करको दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | पक्की घर | तीन तला भएको | ६,००० | |
| | | दुई तला भएको | ५,००० | |
| | | एक तला भएको | ४,००० | |
| २ | कच्ची घर | ढुङ्गा/टिनको छानो भएको दुई तले | ३,००० | |
| | | ढुङ्गा/टिनको छानो भएको एक तले | २,५०० | |
| | | खर/फुसको छानो भएको दुई तले | २,००० | |
| | | खर/फुसको छानो भएको एक तले | १,८०० | |
| ३ | जग्गा | खेत र बारी/पाखो (प्रति रोपनी) | १,०००/५०० | |
| ४ | ढ्याप्ली | एक सटर भएको | १,५०० | |
| | | दुई वा सो भन्दा बढी सटर भएको | २,५०० | |

ख) विभिन्न परम्परागत मेला, जात्रा तथा हाटबजारका क्रममा गाउँपालिका क्षेत्रभित्र निर्मित स्टलहरुको प्रकृति हेरी मेला अवधिभरका लागि रु. १०० देखि रु. १,००० सम्म बहाल बिटौरी शुल्क लाग्नेछ ।

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## अनुसूची ८

आर्थिक ऐन, २०८३ को दफा (११) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

### पार्किङ शुल्कका क्षेत्र तथा दर

| क्र.सं. | सवारी साधन | समय | दर (रु.) | कैफियत |
|---|---|---|---|---|
| १ | बस, ट्रक, लरी र हेभी गाडी | प्रतिघण्टा | ५ | |
| २ | भाडाका कार जिप | प्रतिघण्टा | ५ | |
| ३ | मिनि बस, मिनि ट्रक | प्रतिघण्टा | ५ | |
| ४ | अटो रिक्सा | प्रतिघण्टा | ५ | |
| ५ | मोटरसाइकल/स्कुटर | प्रतिघण्टा | २ | |
| ६ | ट्र्याक्टर | प्रतिघण्टा | ५ | |
| ७ | एक्साभेटर | प्रतिघण्टा | १० | |
| ८ | ब्याकहो लोडर | प्रतिघण्टा | ५ | |
| ९ | अन्य | प्रतिघण्टा | २-५ | |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## अनुसूची ९

आर्थिक ऐन, २०८३ को दफा (१३) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

### सेवा शुल्क दस्तुरका क्षेत्र तथा दर

| क्र.सं. | सेवाको प्रकार | सिफारिस दस्तुर (रु.) | कैफियत |
|---|---|---|---|
| १ | मठ मन्दिर, पाटी पौवा, द्वन्द्व पिडित, प्रकोप पिडित, असहाय बिरामी, अपाङ्गता, राहत सिफारिस, अपाङ्गता समूह र संस्था दर्ता/नविकरण | निःशुल्क | |
| २ | बकस पत्र | १,००० | |
| ३ | शेषपछिको बकस-पत्र | ७०० | |
| ४ | अंश वण्डा | ५०० | |
| ५ | मोही लगत कट्टा सिफारिस | ५०० | |
| ६ | चार किल्ला/घरबाटो प्रमाणित सिफारिस | | |
| | क. कालोपत्रे सडकले छोएको | ५०० | |
| | ख. कच्ची सडकले छोएको | ३०० | |
| | ग. गोरेटो/घोरेटो बाटोले छोएको | २०० | |
| | घ. कुनै पनि बाटोले नछोएको | १०० | |
| ७ | घर कायम | | |
| | क. पक्की घर | १,५०० | |
| | ख. कच्ची घर | ५०० | |
| ८ | रकम असुलीको मिलापपत्र | | |
| | क. रकम खुलेको तथा भाका नाघी बुझ्न, बुझाउन आएमा | १%/१% | (दुवै पक्ष) |
| | ख. रकम नखुलेकोमा | ५००/५०० | (दुवै पक्ष) |
| ९ | बसोबास | | |
| | क. स्थायी बसोबास (वैदेशिक प्रयोजनको लागि) | २०० | |
| | ख. अस्थायी बसोबास (स्वदेशको लागि) | ३०० | |
| १० | नाम, जन्मस्थान सच्याई सर्जमिन मुचुल्का गर्नुपर्ने | ५०० | |
| ११ | मिलापत्र दुवै पक्षबाट | ५००/५०० | |
| १२ | तमशुक दर्ता प्रतिलाख (वडा कार्यालयबाट) | ५०० | |
| १३ | टेलिफोन सिफारिस | ५०० | |
| १४ | धारा जडान (सम्बन्धित वडा कार्यालयको अनुमति बिना जडान गर्न नहुने) | | |
| | क. पक्की घर | ५०० | |
| | ख. कच्ची घर | २०० | |
| १५ | संघसंस्था दर्ता/नविकरण सिफारिस | | |
| | क. दर्ता/नविकरण | २,०००/१,००० | |
| | ख. अन्य निकायमा नविकरण सिफारिस | ५०० | |

| | | | |
|---|---|---|---|
| १६ | रुख कटानको लागि सिफारिस प्रतिरुख | | |
| | क. साल, सिसौ, चाप, खयर वा सो सरह | २,००० | |
| | ख. कू-काठ वा सो सरह | ५०० | |
| १७ | नागरिकता सिफारिस | | |
| | क. अंगिकृत नागरिकता | १,००० | |
| | ख. नागरिकता सिफारिस/नागरिकताको प्रतिलिपि सिफारिस | २००/५०० | |
| १८ | घरको ताला खुलाउने दस्तुर | ५०० | |
| १९ | जग्गा दर्ता सिफारिस प्रति रोपनी | | |
| | क. बजार क्षेत्र | ३०० | |
| | ख. बजारोन्मुख क्षेत्र | २०० | |
| | ग. ग्रामीण क्षेत्र | १०० | |
| २० | व्यवसाय बन्द तथा सञ्चालन नभएको सिफारिस | १,००० | |
| २१ | मोठ श्रेस्ता सिफारिस | २०० | |
| २२ | उद्योग नामसारी/ठाउँसारी | १,००० | |
| २३ | व्यवसाय नामसारी/ठाउँसारी | १,००० | |
| २४ | पेन्सन नामसारी सिफारिस | | |
| | क. स्वदेश | ५०० | |
| | ख. विदेश | १,००० | |
| २५ | घर जग्गा नामसारी सर्जमिन समेत | | |
| | क. बजार क्षेत्र | १,००० | |
| | ख. बजारोन्मुख क्षेत्र | ६०० | |
| | ग. ग्रामीण क्षेत्र | ५०० | |
| २६ | ठेक्का लाइसेन्सको सिफारिस | | |
| | क. क श्रेणी | १२,००० | |
| | ख. ख श्रेणी | १०,००० | |
| | ग. ग श्रेणी | ९,००० | |
| | घ. घ श्रेणी | ७,००० | |
| २७ | न्यायिक समितिमा उजुरी दस्तुर | २०० | |
| २८ | सरकारीतर्फ विद्यालय सञ्चालन स्वीकृति | | |
| | क. आधारभूत तह | ३०० | |
| | ख. मा.वि. तह | ६०० | |
| | ग. क्याम्पस तह | ८०० | |
| २९ | विद्युत जडान सिफारिस | | |
| | क. उद्योग | १,००० | |
| | ख. घरायसी | | |
| | अ. पक्की घर | ५०० | |
| | आ. जस्ता/ढुङ्गे छानो | २०० | |
| | इ. फुसको छानो | १०० | |
| ३० | घर/जग्गा/सम्पति मूल्याङ्कन (प्रति हजार रु.) | | |
| | क. वैदेशिक रोजगारी तथा अध्ययन प्रयोजन | ३ | |
| | ख. बैंकिङ कारोबार तथा अन्य स्वदेशी प्रयोजन | १ | |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

| | | | |
|---|---|---|---|
| ३१ | घडेरी प्लटिङ्ग गरी बाटो कायम | ६,००० | |
| ३२ | उद्योग दर्ता सिफारिस | | |
| | क. ५ हर्ष पावरसम्म | १,००० | |
| | ख. १० हर्ष पावरसम्म | १,५०० | |
| | ग. १५ हर्ष पावरसम्म | २,००० | |
| ३३ | नेपाली भाषामा प्रमाणित/सिफारिस | | |
| | क. जन्म मिति प्रमाणित | २०० | |
| | ख. विवाहित/अविवाहित प्रमाणित | २०० | |
| | ग. ठेगाना, नाम फरक, चालचलन प्रमाणित | २०० | |
| | घ. नाता प्रमाणित | २५० | |
| | ङ. विपन्न विद्यार्थी छात्रवृत्ति सिफारिस | निःशुल्क | |
| | च. आर्थिक अवस्था कमजोर वा विपन्न/सम्पन्न प्रमाणित | निःशुल्क/२,५०० | |
| | छ. कागज/मञ्जुरीनामा प्रमाणित | २०० | |
| | ज. हकवाला वा हकदार प्रमाणित | ३०० | |
| | झ. अन्य नखुलेको | ३०० | |
| ३४ | अंग्रेजी भाषामा प्रमाणित/सिफारिस | ५००/५०० | |
| ३५ | व्यक्तिको माग अनुसार विवरण खुलाई पठाउने कार्य | ५०० | |
| ३६ | उद्योग/व्यवसाय दर्ता सिफारिस सर्जमिन समेत | | |
| | क. पोल्ट्री फर्म, खाद्य, तेल, माहुरी, पशुपालन | ५०० | |
| | ख. फर्निचर, पाउरोटी, होजियारी, खुकुरी, गारमेन्ट, ग्याँस वेल्डिङ्ग | १,००० | |
| | ग. अगरबत्ति, ममबत्ति, दालमोठ, पुडियाघर, सिमेन्ट, टायल, होटल | ५०० | |
| | घ. कन्सल्टेन्सी व्यवसाय/कानूनी सेवा/परामर्श सेवा दर्ता सिफारिस | १,००० | |
| | ङ. हेयर कटिङ्ग दर्ता सिफारिस | ५०० | |
| ३७ | कोर्ट फी मिनाहा सिफारिस | निःशुल्क | |
| ३८ | नाबालक परिचयपत्र सिफारिस | २०० | |
| ३९ | चौपाया सम्बन्धी सिफारिस | ५०० | |
| ४० | व्यक्तिगत विवरण सिफारिस | २०० | |
| ४१ | संरक्षक सिफारिस (व्यक्तिगत) | २०० | |
| ४२ | संरक्षक सिफारिस (संस्थागत) | ५०० | |
| ४३ | कोठा खोल्ने कार्य/रोहवरमा बस्ने कार्य | १,००० | |
| ४४ | स्वास्थ्योपचार सिफारिस | निःशुल्क | |
| ४५ | अमिन उपभोग दस्तुर प्रति कित्ता (गा.पा. स्रोतको अमिनबाट) | ३,००० | |
| ४६ | एस्काभेटर सूचीकृत शुल्क | | |
| | क. २१० पी.सी. वा सोभन्दा माथि | ३०,००० | |
| | ख. २१० पी.सी. भन्दा मुनी | २५,००० | |
| ४७ | ब्याक हो लोडर सूचीकृत शुल्क | १५,००० | |
| ४८ | कृषि/पशु समूह दर्ता | ५०० | |
| ४९ | कृषि/पशु समूह नविकरण | २०० | |

| | | | |
|---|---|---|---|
| ५० | स्वास्थ्य महिला आमा समूह दर्ता | २०० | |
| ५१ | स्वास्थ्य महिला आमा समूह नविकरण | १०० | |
| ५२ | विभिन्न महिला आमा समूह दर्ता | १०० | |
| ५३ | विभिन्न महिला आमा समूह नविकरण | १०० | |
| ५४ | विभिन्न समिति, क्लब दर्ता तथा नविकरण | २,०००/५०० | |
| ५५ | जल उपभोक्ता संस्था तथा मुहान दर्ता | २,५०० | |
| ५६ | जल उपभोक्ता संस्था तथा मुहान दर्ताका नविकरण | १,००० | |
| ५७ | घर छाउने ढुङ्गा निकासी प्रतिगोटा | १ | |
| ५८ | शिक्षक नियुक्ती समर्थन | | |
| | क. मा.वि. तह | ५,००० | |
| | ख. आ.वि. तह | ३,००० | |
| | ग. प्रा.वि. तह | २,००० | |
| ५९ | शिक्षक सरुवा सिफारिस | | |
| | क. अन्तर जिल्ला | | |
| | - मा.वि. तह | ५,००० | |
| | - आ.वि. तह | ४,००० | |
| | - प्रा.वि. तह | ३,००० | |
| | ख. जिल्ला भित्र (गाउँपालिकाभित्र समेत) | | |
| | - मा.वि. तह | ४,००० | |
| | - आ.वि. तह | ३,००० | |
| | - प्रा.वि. तह | २,००० | |
| ६० | पशु चौपाया निकासी सिफारिस दस्तुर (प्रति गोटा) | | |
| | क. राँगा/भैंसी | १०० | |
| | ख. गाई/गोरु | ५० | |
| | ग. खसी/बाखा/बोका/भेडा | ५० | |
| ६१ | कुम्ले/पोके व्यवसाय कर | | |
| | क. कुम्ले/पोके व्यवसाय (प्रति महिना) | ५०० | |
| | ख. गाडी सहितको घुम्ती व्यवसाय (वार्षिक) | ३,००० | |
| | ग. फुटपात व्यवसाय (माटाका भाँडा, मूर्ति, धातुका समान) | ३० | |
| ६२ | व्यक्तिगत घटना दर्ता | | |
| | क. ३५ दिनभित्र | निःशुल्क | |
| | ख. ३५ दिनभन्दा पछि | २०० | |
| | ग. प्रतिलिपि | ५०० | |
| | घ. नामथर र जन्ममिति संशोधन | १,००० | |
| ६३ | उपभोक्ता समिति दर्ता दस्तुर | | |
| | क. रु. एक लाखसम्म कुल लागत भएका आयोजना | १०० | |
| | ख. रु. दुई लाखसम्म कुल लागत भएका आयोजना | २०० | |
| | ग. रु. पाँच लाखसम्म कुल लागत भएका आयोजना | ५०० | |
| | घ. रु. दश लाखसम्म कुल लागत भएका आयोजना | ८०० | |
| | ङ. रु. दशलाख वा सोभन्दा बढि कुला लागत भएका आयोजना | १,००० | |
| ६४ | सहकारी संस्थाको विनियम संशोधन | ५०० | |

| | | | |
|---|---|---|---|
| ६५ | घर निर्माण नक्सा पास दस्तुर | | |
| | क. पक्की घर (तीन तलासम्मको) | १०,००० | |
| | ख. पक्की घर (दुई तलासम्मको) | ८,००० | |
| | ग. पक्की घर (एक तलासम्मको) | ६,००० | |
| | घ. कच्चि घर (टिन र ढुङ्गाको छानो भएको) | २,००० | |
| | ङ. कच्चि घर (फुस वा खरको छानो भएको) | १,००० | |
| ६६ | पशुपन्छी चेकजाँच शुल्क (प्रतिव्यक्ति) | | |
| | क. कुखुरा/हाँस | ५ | |
| | ख. भेडा/बाखा | १० | |
| | ग. गाई/भैंसी | १५ | |
| | घ. कुकुर/बिरालो | २० | |
| | ङ. सुंगुर/बंगुर | २५ | |
| ६७ | मदिरा सेवन गरी अमर्यादित व्यवहार प्रदर्शन/सार्वजनिक शान्तिमा बाधा पुर्‍याउनेलाई जरिमाना | | |
| | क. पहिलो पटक | ३,००० | |
| | ख. दोस्रो पटक | ५,००० | |
| | ग. तेस्रो पटक वा सोभन्दा बढि | १०,००० | |
| ६८ | प्रचलित कानून विपरित मदिरा बिक्रेतालाई जरिमाना | | |
| | क. पहिलो पटक | ५,००० | |
| | ख. दोस्रो पटक | १०,००० | |
| | ग. तेस्रो पटक वा सोभन्दा बढि | २५,००० | |
| ६९ | वातावरण संरक्षण दस्तुर (गाडीको प्रति टिप) | | |
| | क. साना गाडी | ५० | |
| | ख. ठूला बस तथा टिप्पर | २०० | |
| ७० | फर्म सूचीकृत दस्तुर | | |
| | क. पानमा दर्ता भएमा | ५०० | |
| | ख. भ्याटमा दर्ता भएमा | १,००० | |
| ७१ | अटो रिक्सा/पठाओ सेवा/बाइक राइड शेयरिङ दर्ता तथा नविकरण दस्तुर (बिमा अनिवार्य हुनुपर्ने) | ५,०००/२,००० | |
| ७२ | टोल विकास संस्था दर्ता तथा नविकरण दस्तुर | १,०००/१०० | |
| ७३ | हाटबजार सेवा शुल्क | ५,००० | |
| ७४ | सङ्कलन केन्द्र सेवा शुल्क | १,००० | |
| ७५ | तरकारी निकासी गर्ने फर्म/व्यापारी/एजेन्ट सूचीकृत दस्तुर | | |
| | क. ठूला फर्म/व्यापारी/एजेन्ट सूचीकृत | ७,५०० | |
| | ख. साना फर्म/व्यापारी/एजेन्ट | ३,००० | |
| ७६ | दैनिक रुपमा तरकारी तथा अन्य निकासी शुल्क | | |
| | क. ठूला ट्रक | १,००० | |
| | ख. मिनि ट्रक | ७०० | |
| | ग. साना ट्याक्सी | ५०० | |
| | घ. मालसामान निकासी ट्याक्सी | ५०० | |
| ७७ | मालसामान ढुवानी गरी थोकमा बिक्रि गर्ने गाडी सूचीकृत | ५,००० | |
| ७८ | सर्जिमिन मुचुल्का सहितको सिफारिस | ५०० | |
| ७९ | बसाइसराइ लगत हस्तान्तरण | १,००० | |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

| | | | |
|---|---|---|---|
| ८० | सामाजिक सुरक्षा भत्ता परिचय पत्र प्रतिलिपि | १०० | |
| ८१ | ७० वर्ष माथिका बाहेकको सामाजिक सुरक्षाको बाहेक सिफारिस | २५० | |
| ८२ | सेवा करारको लागि आवेदन दस्तुर | | |
| | क. सहयोगी तथा स्वयंसेवक | ३०० | |
| | ख. सहायक स्तर चौथो | ५०० | |
| | ग. सहायक स्तर पाँचौ | ७०० | |
| | घ. अधिकृत छैटौं र सातौं | १,००० | |
| | ङ. अधिकृत आठौं वा सो भन्दा माथि | १,५०० | |
| ८३ | कर्मचारी सरुवा सहमति | | |
| | क. सहयोगी | १,००० | |
| | ख. सहायक चौथो | २,००० | |
| | ग. सहायक पाँचौ | ३,००० | |
| | घ. अधिकृत छैटौं र सातौं | ५,००० | |
| | ङ. अधिकृत आठौं वा सो भन्दा माथि | ६,००० | |
| ८४ | सूचीकृत नभई गाउँपालिकामा आउने व्यापारिक गाडी दैनिक पटके जरिमाना | | |
| | क. ठूला ट्रक | ५०० | |
| | ख. मिनि ट्रक | ३०० | |
| | ग. साना ट्याक्सी | २०० | |
| | घ. माल सामान गाडी | २०० | |
| ८५ | इन्टर्नशिप दस्तुर (कम्तिमा ३ महिना वा सोभन्दा बढि) | | |
| | क. इन्टर्न शुल्क SEE वा सो सरह | २५० | |
| | ख. इन्टर्न शुल्क +2 वा सो सरह | ५०० | |
| | ग. ईन्टर्न शुल्क स्नातक वा सो सरह | १,००० | |
| | ग्रेड शिट संशोधन शुल्क | ५०० | |
| ८६ | माथि वर्गीकरणमा समावेश नभएका सेवाको हकमा स्तर हेरी | ५००-५,००० | |

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

## अनुसूची १०

आर्थिक ऐन, २०८३ को दफा (१५) सँग सम्बन्धित

नेपालको संविधानको धारा २२८ को उपधारा २ बमोजिम

### प्राकृतिक स्रोत बिक्रि शुल्क

| क.सं. | विवरण | दर रु. | कैफियत |
|---|---|---|---|
| १. | ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर बहत्तर लगायत तोकिएको अन्य प्राकृतिक स्रोत बिक्री प्रति घन मिटर | प्रदेश सरकारले तोके बमोजिम | |
| २. | ढुङ्गा, गिट्टी, बालुवा, माटो र दहत्तर बहत्तर लगायत तोकिएको अन्य प्राकृतिक स्रोत अमानतबाट बिक्री प्रति घन मिटर | प्रदेश सरकारले तोके बमोजिम | |

**आज्ञाले**

**चेत नारायण कंडेल**

**प्रमुख प्रशासकीय अधिकृत**